

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १८१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार ३२ गते शनिबार ❑ 16 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## विमानस्थल निर्माणले प्याराग्लाईडिङ विस्थापित हुने पोखरेलीको चिन्ता कहिलेसम्म

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ असार**

पोखराको साहासिक खेल प्याराग्लाईडिङ बिस्थापिथ हुने पोखरेलीको चिन्ता थप बढेको छ। आउदो जनवरी १ तारिखबाट पोखरामा अन्तराष्ट्रिय विमानस्थल संचालन आउने कुराले पोखरेली थप चिन्तित भएका हुन् ।

२०७३ सालदेखि पोखरामा विमानस्थल निर्माण हुन सुरु भए देखि नै पोखरेलीहरु प्याराग्लाईडिङलाई कसरी व्यबस्थापन गर्ने र पोखराको सहासिक नयाँ पर्यटकीय गन्तव्यलाई समेत कसरी बचाउन सकिन्छ भनेर सोच्दै आएका छन् । उद्यपी हालसम्म नेपाल सरकारको आधिकारीक धारणा सार्वजनिक नहुनुविभिन्न निकायका व्यक्तिहरुले हचुवाको भरमा मात्र प्याराग्लाईडिङ संचालन गर्न नसकिने त्यसको विकल्प खोज्नु पर्ने जस्ता अभिव्यक्तिले पोखरेलीहरुलाई थप चिन्तित पारेको पोखराका अग्रज पर्यटन व्यवसायी गणेश भट्टराईले बताए।

यसैबिच पोखरामा अन्तराष्ट्रिय विमानस्थल संचालनसंगै पोखराको प्याराग्लाईडिङको भविश्य बिषयक हालै पोखरामा आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै व्यवसायीहरुले

पोखराको पर्यटकहरुको बसाई अवधि लम्बाउने नयाँ ब्राण्ड नै प्याराग्लाईडिङ भएकोले यसलाई पोखरामै व्यबस्थापन गर्न जोडदार माग गरेका छन् । ठुलो धनराशि खर्चिएर पोखरामा



स्थापित भएको प्याराग्लाईडिङलाई पोखरामा अन्तराष्ट्रिय विमानस्थल संचालनसंगै विस्थापित गर्न नहुने व्यवसायीको माग छ । पोखराको आकर्षणको रुपमा रहेको प्याराग्लाईडिङ बचाउन अब सबै पोखरेलीबार एक हुनु पर्ने समय आएको पोखराका अग्रज पर्यटन व्यवसायी भट्टराईले बताए । भुकम्प, कोभिड १९, युक्रेन र रसियाको आन्तरिक द्धन्द्धले गर्दा प्रभावित हुदै आएका पोखराका पर्यटन व्यवसायीहरु प्याराग्लाईडिङ पोखराबाटै विस्थापित हुने हो की भन्ने बढो चिन्तामा रहेको भट्टराईले बताए । प्याराग्लाईडिङ पाइलट तथा व्यवसायीहरुको अस्वस्थ्य प्रतिष्पर्धाले पनि समस्या निम्तिएको उनको दाबी छ । सन १९९६ मा बिरु बंजनको पहलबाट नेपालको पोखरामा प्याराग्लाईडिङको सुरुवात भएसंगै पछिल्लो समय चाइनिज सहितका अन्य पर्यटकहरुको पहिलो रोजाई नै प्याराग्लाइडिङ हुने गरेको जसले गर्दा पोखरा क्षेत्रका आर्थिक गतिविधिमा प्याराग्लाईडिङ महत्वपूर्ण प्रोडक्ट भएको प्याराग्लाईडिङ पाइलट तथा व्यवसायी राजेश बंजनले बताए । उनका बाबुले भित्राएको प्याराग्लाईडिङ हाल पोखरा क्षेत्रको नयाँ ब्राण्ड तथा साहासिक पर्यटकहरुको पहिलो रोजाई भएकोले यसको उचित ढंगले दिगो रुपमा व्यबस्थापन गर्नुपर्ने राजेशले बताए । पोखरा १८ को सराङकोट र तोरीपानीबाट प्याराग्लाईडिङ गर्दा प्रायः सबै सिजनमा अनुकुल हुने अन्य ठाँउबाट भने निश्चित समयमा मात्र गर्न सकिने उनको भनाई छ।

पोखरामा अन्तराष्ट्रिय विमानस्थल संचालन गर्दा हवाई उडानको क्रममा बायासाइड(लेफ्ट ट्रन) गरी उडान गरेको खण्डमा विमानस्थलसंगै प्याराग्लाईडिङ व्यबस्थापन गर्न सकिने बंजनको दाबी छ । केही समय अघि पोखरामा २ हप्ता देखि ३ महिनासम्म सोलो प्याराग्लाईडिङ गर्ने सयौं पर्यटकहरु आउने गरेको उनले स्मरण गरे । गण्डकी प्रदेशको राजधानि पोखरा भएको हुनाले पनि यहाँको साहासिक खेल गतिविधिलाई सुरक्षित र उचित ढंगले व्यबस्थापन गर्नुपर्ने अन्यथा पर्यटन प्रबर्द्धनमा समस्या हुने बंजनको भनाई छ।

नेपाल हवाई खेलकुद संस्था नाका पूर्व अध्यक्ष एवं युवा व्यवसायी योगेश भट्टराईले हालसम्म पोखरामा नयाँ विमानस्थल संचालन भएसंगै पोखराको प्याराग्लाईडिङको बिषयमा आधिकारीक रुपमा हालसम्म कुनै पनि सरकारी निकायबाट जनाकारी नआएको बाहिर चर्चा भने हुदै आएको बताए । पोखराको पर्यटक बसाई अवधि लम्बाउनमा महत्वपूर्ण भुमिका खेल्दै आएको प्याराग्लाईडिङ कसरी र कहाँ व्यबस्थापन गर्ने बिषयमा राज्य हालसम्म मौन बस्नुले पोखरा क्षेत्रका हजारौं व्यवसायीहरु प्रभावित भएको उनको भनाई छ । अन्तराष्ट्रिय हवाई उडान गर्दा निश्चित उचाईमा उडान गर्ने, आपतकालीन अवतरण गर्दा बिषेश ध्यान दिने, विभिन्न देशमा विमानस्थलसंगै प्याराग्लाईडिङ समेत संचालन भएकोले सोही अनुरुप पोखराको प्याराग्लाईडिङ बचाउन सबै लाग्नुपर्ने प्याराग्लाईडिङ खेलको राष्ट्रिय प्रशिक्षक समेत रहेका युवा व्यवसायी भट्टराईले बताए । नाका अध्यक्ष सुनिल भट्टराईले पोखरा क्षेत्रको पहिचान प्याराग्लाईडिङ पनि भएकोले गर्दा त्यसको संरक्षण सहित बचाउने


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## उपसभामुखमा पुष्पा भुसाल निर्वाचित

**रासस**
**काठमाडौं, ३१ असार**



प्रतिनिधिसभाको आजको बैठकले उपसभामुख पदमा सत्तारुढ दल नेपाली काङ्ग्रेसकी सचेतक पुष्पा भुसाल गौतमलाई निर्वाचित गरेको छ।

प्रतिनिधिसभाको आजको बैठकमा भएको उपसभामुख पदको निर्वाचन पक्रियामार्फत भुसाललाई उपसभामुख पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको पक्षमा १४८ मत, उक्त प्रस्तावको विपक्षमा ९३ र मत दिन्न भन्नेमा एक मत परेको थियो । बैठकमा जम्मा २४२ जना सांसदको उपस्थिति रहेको थियो । सांसद भुसालले प्राप्त गरेको मत प्रतिनिधिसभामा तत्काल कायमको सङ्ख्याको बहुमत भएकाले उहाँ उपसभामुख पदमा निर्वाचित भएको सभामुख अग्निप्रसाद सापकोटाले बैठकमा घोषणा गर्नुभएको थियो।

यसअघि, बैठकमा सत्ता गठबन्धन दल नेकपा(माओवादी केन्द्र)का प्रमुख सचेतक देवप्रसाद गुरुङले 'यस सभाका माननीय सदस्य श्री पुष्पा भुसाल (गौतम) लाई उपसभामुख पदमा निर्वाचित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। उक्त प्रस्तावको नेकपा(एकीकृत समाजवादी)की सांसद लक्ष्मीकुमारी चौधरीले समर्थन गर्नुभएको थियो।

त्यस्तै, बैठकमा प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)की सचेतक शान्ता चौधरीले 'यस सभाका माननीय सदस्य श्री विद्या भट्टराईलाई उपसभामुख पदमा निर्वाचित गरियोस' भनी प्रस्ताव प्रस्तुत गरेकी थिइन् । उक्त प्रस्तावको एमालेकै सांसद कृष्णभक्त पोखरेलले समर्थन गरेका थिए । दुबै प्रस्ताव माथिको संयुक्त छलफलमा सांसदहरू खगराज अधिकारी, डा मिनेन्द्रप्रसाद रिजाल, जयपुरी घर्ती, सरलाकुमारी यादव, सुरेन्द्रप्रसाद यादव, चन्दा चौधरी, राजेन्द्र लिङ्गदेन, दुर्गा पौडेल, प्रेम सुवाल, शेरबहादुर तामाङ, चित्रलेखा यादव, रामकुमारी चौधरी र बिन्दा पाण्डेले भाग लिनुभएको थियो।

छलफलको क्रममा राप्रपाका सांसद राजेन्द्र लिङ्गदेनले प्रमुख प्रतिपक्षी दल एमालेको तर्फबाट उपसभामुख पदकी उम्मेदवार भट्टराईलाई आफ्नो पार्टीको समर्थन रहेको बताउनुभएको थियो । तत्कालीन उपसभामुख डा शिवमाया तुम्बाहाम्फेले २०७६ साल माघ ६ गते आफ्नो पदबाट राजीनामा दिएपछि प्रतिनिधिसभाको उपसभामुख पद रिक्त रहेको थियो । करिब साढे दुई वर्षपछि प्रतिनिधिसभाले उपसभामुख पाएको हो।

## सिसिटीभी क्यामेराले कैद गरिएका डाटा सुरक्षित नै छन् भन्ने अनुमान गर्न सकिन्छ- सर्वोच्च

**रासस**
**काठमाडौं, ३१ असार**

सर्वोच्च अदालतले अर्थ मन्त्रालयको सिसिटिभी क्यामेराले कैद गरेका डाटाहरु सुरक्षित राखिएको छैन भन्ने अनुमानसमेत गर्न नसकिने भन्दै सो सम्बन्धमा तत्काल अन्तरिम आदेश जारी गर्नु नपर्ने जनाएको छ । न्यायाधीश कुमार रेग्मीको एकल इजलासले सिंहदरबार देशको केन्द्रीय प्रमुख प्रशासकीय परिसरभित्रको सुरक्षासमेतलाई दृष्टिगत गर्दा सम्बन्धितनिकायहरुलेसिंहदरबारभित्र पर्ने अर्थ मन्त्रालयलगायत अन्य मन्त्रालयहरूको सिसिटिभी सुरक्षित नै रहेको अनुमान गर्न सकिने बताएको छ।

सर्वोच्चले सिंहदरबारको सुरक्षा संवेदनशीलताको कारण यी दृश्य मेटिए होलान् भनी अनुमान गर्न नसकिने भन्दै अन्तरिम आदेश आवश्यक नभएको बताएको छ । अदालतले बजेट निर्माणको गोपनीयता र संवेदनशीलता जोडिएको विषयसँग सम्बन्धित निवेदन भएकाले चाँडो टुंगोमा पुर्याउनुपर्ने भन्दै प्राथमिकता दिन अग्राधिकारको आदेशसमेत दिएको छ। अधिवक्ताहरू सरोजकृष्ण घिमिरे, बाबुराम अर्याल र कपिलदेव ढकालले अर्थ मन्त्रालय र अन्य मन्त्रालयसमेत सिसिटिभी फुटेज सुरक्षित राख्न माग राखी दायर गर्नुभएको रिटको प्रारम्भिक सुनुवाइमा सर्वोच्च अदालतले यस्तो आदेश दिएको हो।

## यो सद्भावना भ्रमण हो, निकट भविष्यमा चीन पनि जान्छु : अध्यक्ष दाहाल

**रासस**
**काठमाडौं, ३१ असार**

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाल र नेपाली जनतालाई केन्द्रमा राखेर आफूले छिमेकी मित्रराष्ट्र भारतको भ्रमण गर्न लागेको बताउनुभएको छ।

भारत प्रस्थान गर्नुअघि शुक्रबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार भेटघाटमा उहाँले आफ्नो भारत भ्रमणका क्रममा इतिहासदेखि थाती रहेका कैयौं विषयमा साझा धारणा बनाउने र समस्याको समाधानमा केन्द्रित रहने बताउनुभयो।

अध्यक्ष दाहालले यो भ्रमण आकस्मिक जस्तो भए पनि पछिल्लो दुई महिनादेखि तयारी भइरहेको जानकारी पनि दिनुभयो । उहाँले भन्नुभयो, "बाहिर आउँदा यो भ्रमण आकस्मिक जस्तो देखिए पनि त्यस्तो होइन। पार्टीभित्र पनि यस विषयमा मैले चर्चा गरेको थिएँ। यो दुई महिना पहिल्यै तय भएको भ्रमण हो।"

उहाँले नेपालका लागि भारतका तत्कालीन राजदूत विनयमोहन क्वात्रामार्फत उपयुक्त समयमा भारत भ्रमण गर्न त्यहाँको सत्तारुढ भारतीय जनता पार्टीका तर्फबाट निमन्त्रणा प्राप्त भएकोसमेत जानकारी दिनुभयो।

अध्यक्ष दाहालले आफ्नो भ्रमणलाई सद्भावना भ्रमणको रूपमा चित्रण गर्नुभयो। त्यहाँको सत्तारुढ भारतीय जनता पार्टी र भारतीय जनतासँगको सम्बन्ध विस्तारका लागि समेत यो भ्रमण केन्द्रित रहने उहाँको भनाइ छ।

भारतीय जनता पार्टीका अध्यक्ष जेपी नड्डाको निमन्त्रणामा आफू भारत भ्रमणमा जान लागेको उहाँले त्यस अवसरमा जानकारी दिनुभयो।

अध्यक्ष दाहालले नेपाल र भारतका बीचमा रहेका विभिन्न पक्षलाई केन्द्रमा राखेर आफूले भारतीय पक्षसँग कुराकानी गर्ने बताउनुभयो । भ्रमणका क्रममा नेपालको समग्र विकास, द्विपक्षीय सम्बन्ध, बढ्दो व्यापार घाटा, इतिहासमा थाती रहेका विषय एवं सीमामा देखिएका समस्या कूटनीतिक संवादबाट टुङ्ग्याउनेलगायतका विषयमा विभिन्न द्विपक्षीय तथा बहुपक्षीय भेटमा छलफल हुने पूर्वप्रधानमन्त्री प्रचण्डले बताउनुभयो।

उहाँले आर्थिक, द्विपक्षीय हित र अन्य चासोका विविध पक्षमा विचार विमर्श हुने हुने उल्लेख गर्नुभयो । उहाँले हालै सम्पन्न चिनियाँ विदेश विभागका प्रमुखको भ्रमण र आफ्नो आजदेखि हुन लागेको भारत भ्रमणका बारेमा कुनै सम्बन्ध नरहेको प्रष्टीकरण दिनुभयो । उहाँले भन्नुभयो, "यसमा कुनै अन्तरसम्बन्ध छैन। अनावश्यक द्विविधा राख्नुको कुनै अर्थ छैन।"

यस भ्रमणलाई भाजपा र आफ्नो पार्टीको सम्बन्ध विस्तारका रूपमा लिइएको उहाँको भनाइ छ । वर्तमान गठबन्धन सरकारको प्रमुख घटकको शीर्ष नेताको हैसियतमा हुन लागेको यस भ्रमणले दुई देशबीचको सम्बन्धमा थप सकारात्मक वातावरण बनाउने विश्वास व्यक्त गर्नुभयो।

भ्रमणअघि आजै प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री शेरबहादुर देउवासँग पनि आफूले संवाद गरेको र परराष्ट्र मन्त्रालयसँग पनि भ्रमणका सम्बन्धमा कुराकानी भएको अध्यक्ष दाहालले जानकारी दिनुभयो । भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र अन्य सरकारी अधिकारीसँग पनि भेटवार्ता हुने उहाँले जानकारी दिनुभयो। प्रधानमन्त्री देउवासँगको छलफलमा आफूले यस भ्रमणको क्रममा भएका सहमति तथा सहकार्यका विविध क्षेत्रमा भएका प्रगतिका बारेमा के भूमिका खेल्न सक्छु भनेर छलफल भएको उहाँले बताउनुभयो।

देश र वर्तमान गठबन्धनका लागि समेत यस भ्रमणले महत्वपूर्ण भूमिका निर्वाह गर्ने भन्दै उहाँले भ्रमणलाई उत्साहपूर्ण रूपमा लिएको बताउनुभयो । उहाँले सो अवसरमा आफू निकट भविष्यमा नै चीनको भ्रमणमा समेत जान लागेको जानकारी दिनुभयो। उहाँले गोवामा ब्रिक्स सम्मेलनका क्रममा चिनियाँ राष्ट्रपति सि जीनपीङ रु भारतीय प्रधानमन्त्री मोदीसँग प्रधानमन्त्रीको हैसियतमा नै त्रिपक्षीय साझेदारीका विषयमा महत्वपूर्ण विचारविमर्श भएको स्मरण गर्नुभयो।

उहाँले भारतले सस्तो मूल्यमा रसियाबाट इन्धन आयात गरिरहेको सन्दर्भमा त्यस्तो सुविधा नेपालले समेत पाउन सके धेरै नै राहत हुने भएकाले त्यसतर्फ पनि छलफल गर्ने बताउनुभयो।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अध्यक्ष दाहालको बिदाइका लागि पार्टीका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठ, नेताहरू जनार्दन शर्मा, मातृकाप्रसाद यादव, झक्कुप्रसाद सुवेदीलगायतका नेता पुग्नुभएको थियो। अध्यक्ष दाहाल साउन १ गते स्वदेश फर्कने कार्यक्रम छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पालिका सार्वजनिक सुनुवाई–'तिन–तिन महिनामा खर्च सार्वजनिक'

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, ३१ असार**

अर्जुनचौपारी गाँउपालिकाले आर्थिक बर्ष २०७९/०८० को खर्च बजेटलाई तिन–तिन महिनामा सार्वजनिक गर्ने प्रतिवद्धता व्यक्त गरेको छ । आर्थिक बर्ष २०७८/०७९ को तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा गाँउपालिका अध्यक्ष प्रकाश तिवारीले सो प्रतिवद्धता व्यक्त गरेका हुन् । गाँउपालिकामा भएको खर्च विवरण जान्ने अधिकारी पालिकावासीको हुन्छ अध्यक्ष तिवारीले भने,'हरेक तिन–तिन महिनामा सामाजिक सञ्जाल मार्फत आयव्याय सार्वजनिक गर्छौं ।' खर्चमा मितव्यायतिता अपनाउदै पालिकाको आर्थिक समृद्धीमा हामी लाग्ने छौं उनले प्रतिवद्धता जनाए ।




जनताको सेवक जनप्रतिनिधि भएकोले जनताकै रायसुझावमा हरेक काम पालिकामा हुने विश्वास अध्यक्ष तिवारीले सार्वजनिक सुनुवाईमा दिलाए ।

चौमासिक सार्वजनिक सुनुवाईमा जनताले राखेको जिज्ञासाको उत्तर दिदै पालिका अध्यक्ष तिवारीले भ्रष्टचार मुक्त र शुसासन सहितको पालिका बनाउन आफु लागेको बताए । जनताका माग धेरै छन् बजेट थोरै छ अध्यक्ष तिवारीले भने,'सिमित साधन श्रोतको अधिकतम प्रयोग गरी विकासका गतिलाई अगाडी बढाउछौं ।' आवश्यकतालाई मध्यनजर गरेर पालिकाले विकासका योजना अगाडी सार्नेमा ढुक्क हुन सहभागीहरुले उनले भने । निर्वाचन सकिएसगै बजेट बनाउने समयले गर्दा जनताको घरदैलोमा पुगेर आवश्यकता अनुसारको बजेट बनाउन नसके पनि तिवारीले वडाका जनप्रतिनिधी मार्फत आएका योजनालाई समेटिएको बताए । साना योजनालाई पालिकाले प्राथमिकतामा नराखे पनि परिणाम र गुणस्तरमा ध्यान दिने तिवारीले बताए । प्राबधिकले गलत मुल्याङ्कन गरेको ठहर लागेका अन्यन्त्रबाट प्राविधिक ल्याएर गुणस्तरको नापतौल हुने विश्वास दिलाउदै अध्यक्ष तिवारीले पालिका बनाउन सबैको साथसहयोग आवश्यक रहने बताए । हरेक नागरिककोमा पुग्ने गरी बजेट बिनियोजन भएको दाबी गरे । असक्तलाई घर–घरमा पुगेर स्वास्थ्य सेवा दिने र पुराना जनप्रनिधीले गरेका कामलाई पनि निरन्तरता दिने तिवारीको भनाई थियो । कार्यक्रममा उपाध्यक्ष सपना गुरुङ्ले विकासमा रचनात्मक सुधार गर्दै अगाडी बढ्ने र पाचँ बर्षमा केहि गरेर देखाउने बताइन् । बजेट तर्जुमा, विकास निर्माणको अनुगमन, सानातिना झैझगडालाई मेलमिलापको नीति लिएर आफु अगाडी बढ्ने उपाध्यक्ष गुरुङको भनाई थियो । शिक्षा र स्वास्थ्यका कारण बसाई सराई बढेको बताउदै उपाध्यक्ष गुरुङले यसलाई रोक्ने प्रयास पालिकाले गर्ने विश्वास दिलाईन् । सुनुवाईमा प्रमुख प्रसासकिय अधिकृत उज्जल बहादुर बस्नेतले अगिल्लो बर्षमा एक सय ९७ वटा योजना रहेकोमा १० वटा मात्र काम सम्पन्न नभएको जानकारी दिए । पालिकामा प्रगतिको हिसाबले ९५ प्रतिशत रहेको बस्नेतको भनाई थियो । २४ जनाले गुनासो गरेको सार्वजनिक सुनुवाईमा पाचँ बर्षमा नमुना पालिका बन्ने गरी काम गर्न जनप्रतिनिधीलाई सुझाव दिएका थिए । वडा र पालिकामा जनता आउदा शासक भन्दा सेव कबनेर सेवा प्रवाहमा लाग्न सेवाग्राहीले जनप्रतिनिधि, कर्मचारीले अनुरोध गरेका थिए । सार्वजनिक सुनुवाईको सहजिकरण रेडियो स्याङजाका प्रवन्धक एकबहादुर गोदार(रमेश) ले गरेका थिए ।



पोखरा महानगरपालिका वडा नं ३२ तल्लो गगनगौंडास्थित बेलबुटे क्षेत्रबाट देखिएको हरियो बन्दै गरेको धान र बादलसँग लुकामारी खेलेको माछापुच्छ्रे हिमाल । तस्वीर : वासुदेव पौडेल, रासस

## धारामा...

अभियानमा अगुवाई गर्ने बताए ।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिईओ) धनन्जय रेग्मीले हालसम्म पोखराको प्याराग्लाईडिङको बिषयमा आधिकारीक रुपमा आफुहरुलाई जानकारी नभएको बताए। तथ्यका आधारमा पोखराको प्याराग्लाईडिङ विस्थापित हुने वा नहुने अन्यौल भएको बताउदै उनले यस बिषयमा सरकारी निकायबाट समयमै प्रष्ट धारण लिनुपर्ने व्यवसायीलाई उनले सुझाव दिए । पोखराको प्याराग्लाईडिङ जोगाउने पक्षमा आफु समेत रहेको बताउदै सिईओ रेग्मीले न्यूजिल्याण्ड लगायतका देशबाट दक्ष प्राविधिक भित्रायर भए पनि जति सक्दो छिटो यस बिषयलाई टुंगाउनु पर्ने बताए । पोखरामा अन्तराष्ट्रिय विमानस्थल आउदो जनवरी एक तारिखबाट संचालन हुने जसले गर्दा प्याराग्लाईडिङ विस्थापनको हल्लाले आफुहरु निकै शंसकित भएको नाका महासचिव खेमराज पौडेलले बताए । उनका अनुसार पोखरामा ३ सय ५० जना प्याराग्लाईडिङ पाइलट, ६० वटा प्याराग्लाईडिङ कम्पनी, २ हजार भन्दा बढी प्रत्यक्ष रोजगारी प्राप्त गरेको जसले बार्षिक रुपमा डेढ अर्ब बढीको कारोवार गर्न मद्धत पुगेको छ । पोखरामा विमानस्थल निर्माण कार्य सुरु भएको २०७३ साल देखि आफुहरु अन्यौलको स्थितीबाट अघि बढेको नाका निवर्तमान अध्यक्ष कृष्ण भण्डारीले बताए ।

यसैबिच, नेपाल हवाई खेलकुद संस्थाका नवनिर्वाचित कार्यसमितिले बुधबार एक समारोहका बिच पदस्थापना तथा सपथ ग्रहण गरेका छन् ।

गत शनिबार पोखरामा सम्पन्न नवौं अधिवेशन तथा १९ औं वार्षिक साधारणबाट नयाँ सर्वसम्वत रुपमा अध्यक्षमा निर्वाचित भएका सुनिल बहादुर भट्टराई सहितको पदाधिकारीहरुलाई बुधबार पदास्थापना तथा सपथ ग्रहण गरेका हुन्। नाको उपाध्यक्षमा सोवित बानियाँ, टेक्निकल उपाध्यक्षमा अनिल केसी, महासचिवमा खेमराज आचार्य, सचिवमा रोशन गौतम, कोषाध्यक्ष अशोक पराजुली रहेका छन् ।

त्यसै गरी टेक्निकल सदस्यमा शेरबहादुर गुरुङ र दीपक थापा, सदस्यहरुमा विजय गौतम, भेनिस थापा, इमनाथ देवकाटा रहेका छन् भने निबर्तमान अध्यक्ष कृष्ण भण्डारी रहनेछन् ।

# 'जय नेपाल' शब्द पार्टी बिशेष नगराउ

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ असार**

क्षत्री समाज नेपालका केन्दीय अध्यक्ष प्रा. डा. दिल वहादुर क्षत्रीले राष्ट्र राष्ट्रियता बलियो बनाउन जय नेपालको प्रयोग आम नेपाली सबैले प्रयोग गनुपर्ने बताउनु भयो ।

साथै आम जाती समुदायको, संस्कृति बचाउन, जातीय सदभाव कायम गराउन समाज सदैव सकृय रहने बताए । पोखरा १४ शुभकामना मार्गमा निमार्ण गरीन लागिएको बहुउद्देश्यीय भवनको केन्द्रीय अध्यक्ष प्रा. डा. क्षत्री, केन्द्रीय उपाध्यक्ष कृष्ण बहादुर थापा, वाड अध्यक्ष बोध



बहादुर कार्की, जिल्ला अध्यक्ष पदम बहादुर कार्कीद्धारा संयुत्त रुपमा पुजा गरी निमार्ण कार्यको शुभारम्भ गरीएको थियो ।

स्वर्गीय देवी वहादुर के.सी. स्वर्गीय खिम बहादुर कुवँर परिवारले तिरो भर संरक्षण गर्दै आएको जग्गामा समाजले बहुउद्देश्यीय भवन, निमार्ण शुरुवातसंगै क्रिया पुत्री भवन निर्माण गरिएको समाजका बरिष्ठ सल्लाहकार जेवी कुवँरले बताए । २ तलाको सुविधा सम्पन्न बहुउद्देश्यीय भवन निर्माण गर्न २ करोड ५० लाख लागत रहने अध्यक्ष मोति बहादुर बानियाले बताए । कार्यक्रममा वार्ड नं १४ का अध्यक्ष बोध बहादुर कार्की जिल्ला अध्यक्ष पदम बहादुर कार्की, सल्लाहकार जेवी कुवँर, नगर सदस्य शंकरदेबी पौडेल, उपाधक्ष्य जुना क्षेत्री, अधिवक्ता, बोधराज बराल, सचिव रामजी के.सी, हरी के.सी. लगायतले आ-आफ्नो धारणा राखेका थिए । भवन निमार्णका लागि समाजका पूर्व केन्द्रीय सदस्य माया बरालले २१ हजार सहयोग गर्ने बताइन ।

# सेनाको खेलमैदानमा प्यारापिट निर्माण

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ असार**

तनहुँको व्यास नगरपालिका-५ चापाघाटस्थित कालीभञ्जन गण (इ) को खेलमैदानमा प्यारापिट निर्माण गरिएको छ । व्यास नगरपालिकाको आर्थिक सहयोगमा सो प्यारापिट निर्माण गरिएको हो ।

विसं २०७८ मङ्सिरमा तत्कालिन गणपति प्रमुख सेनानी मनोज गुरुङ्को कार्यकालमा निर्माण शुभारम्भ भएको प्यारापिटको काम हालका गणपति प्रमुख सेनानी रामज्योति बोहराको कार्यकालमा निर्माण सम्पन्न भएको छ । उक्त प्यारापिटको मध्यकमाण्ड हेडक्वार्टरका कमाण्ड सेनापति उपरथी बाबुराम श्रेष्ठले उद्धाटन गर्नुभएको छ । सो अवसरमा उपरथी श्रेष्ठले सैनिक तथा नागरिकको सम्बन्ध सुदृढ बनाउन नेपाली सेनाले विविध कार्यक्रम गर्दै आएको बताउनुभयो ।

गणका गणपति प्रमुख सेनानी बोहराले नागरिक सैन्य सम्बन्ध अभिवृद्धिका लागि सबैसँग सहकार्य गरेर अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । नगरपालिकाको आर्थिक सहयोग र कालीभञ्जन गण (इ) का सकलदर्जाको श्रमदानबाट निर्मित प्यारापिटको क्षमता ३४० को रहेको गणले जनाएको छ । गणले आफ्नो पेशागत भूमिकाका साथै विपद् व्यवस्थापन, जनहितका कार्यमा सक्रियरुपमा क्रियाशिल भई आएको छ । विसं २०७८ साल फाल्गुन महिनामा दमौलीमा भएको आगलागीको विपद्, २०७९ जेठ २७ गते पृथ्वी राजमार्गको मुग्लिन सडक खण्ड भासिएर भएको राजमार्ग अवरोधको विपद्का अलवा कोभिड-१९ को महामारीमा स्थानीय सरकार, स्थानीय जनताको सहजता र सुरक्षाका लागि सुख दुःखको साथी भई हातेमालो गर्दै आएको छ ।

बुटिक पसल बिक्रीमा

पोखरा-४ चिप्लेढुंगा, मानवअधिकार चोक UFO अगाडि अति चालु अवस्थामा रहेको फ्लोरा द बुटिक पसल विशेष कारणवस तु: बिक्रीमा छ ।

सम्पर्क:
मो. ९८०४१४९२६३, ९८५६०३६१२१

# तास खेल्दै गरेका ६ जना नगदसहित पक्राउ

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ असार**

जिल्ला प्रहरी कार्यालय कास्कीले पोखरा महानगरपालिका-८ न्यूरोडस्थित नविन गौचनको घरमा जुवातास खेलिरहेको अवस्थामा ६ जनालाई पक्राउ गरेको छ । तास खेलिरहेका उनीहरूलाई नगद दुई लाख ५३ हजार पाँच रुपैयाँसहित नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक ज्ञानबहादुर खड्काले जानकारी दिनुभयो ।

उनीहरूलाई सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरुद्धको कसुरअन्तर्गत अनुसन्धान प्रकृया अगाडि बढाइएको जनाइएको छ ।

पक्राउ पर्नेमा मुस्ताङको थासाङ गाउँपालिका-३ घर भई पोखरा-८ न्यूरोड बस्ने ३२ वर्षीय नविन गौचन, पोखरा-८ पृथ्वीचोक बस्ने ५४ वर्षीय सोमत तुलाचन, पोखरा-२ अर्चलबोट बस्ने ५३ वर्षीय बिराट केसी, म्याग्दीको अन्नपूर्ण-३ घर भई हाल पोखरा-८ न्यूरोड बस्ने वर्ष ४९ वर्षीय कबिन तुलाचन, पोखरा-११ फूलबारी बस्ने ४६ वर्षीय अमित गुरुङ र पोखरा-१२ फूलबारी बस्ने ४५ वर्षीय नरकाजी गुरुङ रहेको प्रहरीले जनाएको छ ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बागलुङका स्थानीय तहको बेरुजु रु २१ करोड

**रासस**

**बागलुङ, ३१ असार**

जिल्लाका स्थानीय तहमा झण्डै रु २१ करोड बेरुजु देखिएको छ । बुधबार महालेखा परीक्षक कार्यालयले सार्वजनिक गरेको ५९औँ वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७७/७८ मा मात्रै बागलुङका १० स्थानीय तहमा रु २० करोड ९७ लाख ४८ हजार बेरुजु देखिएको हो ।

उक्त आवमा बागलुङको काठेखोला गाउँपालिकामा सबैभन्दा धेरै बेरुजु देखिएको छ । काठेखोला गाउँपालिकामा ३.५० प्रतिशत रकम बेरुजु रहेको महालेखाले औँल्याएको छ । काठेखोलाको कूल खर्च बजेटमध्ये रु चार करोड १५ लाख ६२ हजार बेरुजु रहेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । गाउँपालिकाका अनुसार नमूना विद्यालयको रूपमा अमर माविको भवन तथा संरचना बनाउनका लागि भएको भुक्तानी रकम रु एक करोड ५० लाख बेरुजु देखिएको छ । त्यस्तै वडा कार्यालय भवन निर्माण गर्दा उपभोक्ता समितिमार्फत काम भएको भन्दै निर्माण खर्चलाई बेरुजुमा उल्लेख गरिएको प्रमुख प्रशासकीय अधिकृत चुर्णबहादुर कार्कीले बताउनुभयो ।

जिल्लामा सबैभन्दा कम बेरुजु बडिगाड गाउँपालिकाको छ । बडिगाडको १ करोड ४७ लाख ४ हजार अर्थात् जम्मा खर्चको १.२६ प्रतिशत रकम बेरुजु रहेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । बागलुङ नगरपालिकाको रु दुई करोड ६६ लाख २६ हजार अर्थात् १.३३ प्रतिशत, गलकोट नगरपालिकाको रु दुई करोड ४५ लाख २१ हजार अर्थात् कूल खर्चको १.७५ प्रतिशत, जैमिनी नगरपालिकाको रु दुई करोड एक लाख ३१ हजार अर्थात् कूल खर्च रकमको १.३० प्रतिशत र ढोरपाटन नगरपालिकाको रु एक करोड ५३ लाख ६९ हजार अर्थात् कूल खर्चको १.५२ प्रतिशत रकम बेरुजु देखिएको छ । जिल्लाको निसीखोला गाउँपालिकाको रु दुई करोड १९ लाख ११ हजार अर्थात् कूल खर्चको २.४९ प्रतिशत, ताराखोला गाउँपालिकाको रु एक करोड ९६ लाख ३४ हजार अर्थात् कूल खर्चको २.४० प्रतिशत, बरेङ गाउँपालिकाको रु एक करोड ४० लाख ५५ हजार अर्थात् कूल खर्चको १.७३ प्रतिशत र तमानखोला गाउँपालिकाको रु एक करोड १२ लाख ३५ हजार अर्थात् कूल खर्चको १.७९ प्रतिशत बेरुजु रहेको महालेखाले उल्लेख गरेको छ । जिल्लाको ढोरपाटन, जैमिनी र बागलुङ नगरपालिकाले विगतका वर्षभन्दा आव २०७७/७८ मा बेरुजुको अवस्थामा सुधार ल्याएका हुन् । ढोरपाटन नगरपालिकाको गत वर्ष सार्वजनिक प्रतिवेदनमा ६ प्रतिशतभन्दा धेरै बेरुजु थियो भने बागलुङ नगरपालिकाको बेरुजु चार प्रतिशतको हाराहारीमा थियो। ५९औँ प्रतिवेदनले उल्लेख गरेअनुसार असुल गर्नुपर्ने भन्दा धेरै बेरुजु प्रक्रिया नपुगेका कारणले देखिएको छ। उपभोक्ता समितिमार्फत हुने काम, कार्यालय सञ्चालन, कर्मचारीको प्रोत्साहन तथा नियुक्तिलगायतका शीर्षकमा समेत स्थानीय तहमा बेरुजु रहेको महालेखाले औँल्याएको छ।

# दूरावस्थामा राष्ट्रिय गौरवको आयोजना

**रासस**

**बागलुङ, ३१ असार**

दुई वर्षअघिको वर्षात्मा क्षतविक्षत बनेको मध्यपहाडी लोकमार्गको घोडाबाँधे-हटिया खण्ड झनझन दूरावस्थामा पुगेको छ। सालिन्दा खस्ने पहिराले सडक जीर्ण र बिरुप बनेको छ । मर्मत सुधारको कुनै गुञ्जायस छैन ।

राष्ट्रिय गौरवको आयोजना उल्टै थिलथिलो छ । जोखिम मोलेर सवारी चलाउनुपर्ने स्थिति छ। यात्रुलाई सास्ती छ। घमाउँदा तै बिसेक देखिए पनि झरी पर्दासाथ सडक बेहाल बन्ने गरेको गलकोटका जीप चालक प्रदीप सुनारले बताउनुभयो ।

“सडकमा जहीँतहीँ खाल्डाखुल्डी छन्, कालोपत्र उप्केर सडक पुरानै अवस्थामा फर्केको छ”, उहाँले भन्नुभयो, “वर्षायामको यात्रा जहिल्यै कष्टपूर्ण हुन्छ, सडक बनाउनेतिर कसैको ध्यान गएको देखिन्न ।” २० किमी दूरीको उक्त खण्ड कालोपत्र भएको छ वर्ष नबित्दै जीर्ण बनेको हो । संरक्षण नहुँदा सडकका अरु पूर्वाधार पनि मासिएका छन् । गेगर र झाडीले ढाकिएर नालीको नामोनिसान भेटिन्न । पर्खाल जीर्ण छन् ।

सडक छेउछाउका नयाँ-पुराना पहिराले सडकलाई साँघुरो पारेका छन् । गलकोट नगरपालिका १ र २ का कैयन ठाउँमा सडक भासिएको छ । जम्दारे, भुङ्खानी, चौराहा र साइनपाटन सामुदायिक वन क्षेत्रमा पहिराको उच्च जोखिम छ । तिनै ठाउँमा यसपालिको वर्षाले थप क्षति पुर्‍याएको छ । दुई वर्षअघि जम्दारेको घुम्तीमा सडक भासिएपछि केही समय ठूला सवारीको आउजाउ नै रोकिएको थियो । त्यो घुम्तीमा अहिले पनि जोखिम कायमै छ। भासिएको ठाउँमा ढुङ्गा माटो हालेर सामान्य मर्मत मात्र गरिएको छ । ठाउँपिच्छेका पहिराले सडक साघुरिँदै गएपछि सवारीले निर्वाध हुँइकिन पाएका छैनन् । त्यसले गन्तव्यसम्मको यात्रालाई पनि लम्बाइदिने गरेको छ । गलकोट-१ का अध्यक्ष लालबहादुर रानाले कालोपत्र भएको अर्को वर्षदेखि नै सडक बिग्रन सुरु भएको बताउनुभयो । अधिक वर्षा हुँदा सडकमा छिटो क्षति पुग्ने गरेको उहाँको भनाइ छ। “गत जेठ २५ र २६ गतेको वर्षापछि त्यही खण्डमा ठूल्ठूला पहिरा गए, सडक मात्र नभएर व्यक्तिका घरगोठमा पनि क्षति पुग्यो”, वडाध्यक्ष रानाले भन्नुभयो, “नाली पुरिने, पहिराको व्यवस्थापन नहुनेजस्ता कारणले पनि सडक बिग्रने गरेको छ ।” लोकमार्ग आयोजना कार्यालयलाई पटक-पटक ध्यानाकर्षण गराउँदा पनि सडक सुधार नभएको उहाँले बताउनुभयो । “सडक धेरै नै बिग्रिसकेकाले टालटुले कामले अब हुँदैन, पुनःनिर्माण नै गर्नुपर्ने अवस्था छ”, वडाध्यक्ष रानाले भन्नुभयो, “आयोजना व्यवस्थापनले गम्भीरता देखाएर काम गर्नपर्छ, नत्र गौरवको आयोजना कै बदनाम हुने स्थिति छ।”

वर्षायाममा खसेका पहिरा पन्छाएर सडक सुचारु गर्ने गरिए पनि दीर्घकालीन रूपमा सडक सुरक्षाको काम हुन सकेको छैन। लोकमार्गको रेखदेख र मर्मतसुधारमा आयोजना कार्यालयले नै अनदेखा गरिरहेको स्थानीयको गुनासो छ। नालीसम्म सफाइ हुन सके पनि समस्या केही कम हुने देखिन्छ । केन्द्रीय आयोजना भएको हुँदा स्थानीय तह लोकमार्गप्रति उदासिन छन् । सामान्य मर्मतसम्भारका काम पनि आयोजनालाई देखाएर पन्छिने प्रवृत्ति छ । लोकमार्ग आयोजना कार्यालय पर्वतका इन्जिनियर ठाकुर भण्डारीले ठेक्का सम्झौता भइसकेकाले आउँदो असोजदेखि मर्मतसुधार थालिने बताउनुभयो ।

“खाल्डाखुल्डी पुर्ने, ग्याबिन, मेसिनरी पर्खाल र नालीको काम हुन्छ”, उहाँले भन्नुभयो, “बर्सात सकिएपछि निर्माण कम्पनीस्थलमा खटिन्छ, अहिले सामान्य मर्मत र सफाइको काम आयोजना कार्यालयबाटै भइरहेको छ ।” सडक पुनःनिर्माण नै गर्ने भनेर केन्द्रमा पठाइएको रु ४० करोडको लागत योजना सदर नभएपछि रु २० करोडमा मर्मत सुधारका लागि ठेक्का भएको उहाँको भनाइ छ।

“सडक बिजोग नै छ, पुनःनिर्माण नै गर्नुपर्ने अवस्था देखिन्छ, तर तत्काललाई बृहत् मर्मतसुधारले पनि धेरै सहजता ल्याउँछ”, इन्जिनियर भण्डारीले भन्नुभयो, “आउँदो हिउँदमा हर हालतमा काम हुन्छ, ढिलासुस्ती हुन दिँदैनौँ ।” त्यस खण्डमा सुरुदेखि नै पहिराले सडक बिगारेको आयोजना कार्यालयले जनाएको छ । कमजोर भू-बनोट, पानीको उचित निकास नहुनुजस्ता कारणले पनि सडक भासिने, पहिरा जानेजस्ता समस्या निम्तने गरेको छ । लोकमार्गले जिल्लामा १४२ किमी दूरी समेट्छ । घोडाबाँधे-हटिया खण्ड सबैभन्दा सुरुमा कालोपत्र भएको थियो ।

सदरमुकामदेखि घोडाबाँधे जोड्ने २५ किमी सडक भने अझै पूरा कालोपत्र हुन सकेको छैन । तल्लो खण्डको उपल्ला चौरदेखि खहरेसम्म पाँच किमी र उपल्लोको बिहुँ खण्डमा छ किमी मात्र कालोपत्र छ।

निर्माण कम्पनीको ढिलासुस्ती र मनपरिका कारण ठेक्का लगाएको वर्षौंसम्म पनि सडक कालोपत्र हुन नसकेको हो। लोकमार्गको पश्चिम खण्ड हटियादेखि बुर्तिबाङ हुँदै पूर्वी रुकुमको सीमासम्मै कालोपत्र भइसकेको छ । सदरमुकामतर्फ जोड्ने सडक भने मार्ग खुलेको २५ वर्ष बित्न लाग्दासमेत उस्तै हालमा छ।

# थप २२९ मा संक्रमण पुष्टि

**पोखरापत्र संवाददाता**

**पोखरा, ३१ असार**

देशभर पछिल्लो २४ घण्टामा थप २२९ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । सो अवधिमा तीन हजार ७१८ जनाको नमूना परीक्षण गरिएको थियो। एक हजार ६४४ जनाले पिसिआर र दुई हजार ६८ जनाको एन्टिजिन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

सो अवधिमा ४८ जना सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमणमुक्त हुनेको स८्या नौ लाख ६७ हजार ९०६ पुगेको छ। सङ्क्रमणमुक्त हुने दर ९८ दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा ८७ हजार ९७२ जनाले कोभिडविरुद्धको खोप लगाएका छन् । हाल सक्रिय सङ्क्रमितको संख्या एक हजार २८४ रहेको छ। अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ९५२ पुगेको छ। होम आइसोलेशनमा एक हजार २४९, संस्थागत आइसोलेसनमा ३५, आइसियू १४ र भेण्टेलेटरमा एक जना सङ्क्रमित रहेका छन् । हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्ला काठमाडौँ मात्रै रहेको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| ककर्ट | : झमेला बड्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मन चञ्चल | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


## प्रोभिजनल सर्टिफिकेट हराएको सूचना

**म मन कुमारी थापाको पोखरा फूलबारीदेखि बगरसम्म जाने क्रममा प्रोभिजनल सर्टिफिकेट मिति २०७९/०१/०५ गते हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला।**

P.U.Registration No: 2013-2-03-1510

Exam No : 14031874

**नाम: मन कुमारी थापा**

**ठेगाना: काठेखोला-३ बागलुङ**

**सम्पर्क नं.: ९८४६९४५३०४**

# तनहुँ जलविद्युत् आयोजना : भूमिगत विद्युत् गृहको सुरुङ खन्ने काम सकियो

**पोखरापत्र संवाददाता**

**दमौली, ३१ असार**

एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाअन्तर्गत विद्युत्गृहको सुरुङ खन्ने काम सकिएको छ । आयोजनाको प्याकेज दुईअन्तर्गतको ठेक्का पाएको सिनो हाइड्रोपावर लिमिटेडले आज विद्युत्गृहको सुरुङ खन्ने काम सम्पन्न गरेको हो ।

८९ मिटर लम्बाइ, २२ मिटर चौडाइ र ५१ मिटर उचाइ भएको भूमिगत विद्यूत्गृहको सुरुङ खन्ने काम सकिएको तनहुँ हाइड्रोपावर लिमिटेडका इन्जिनियरिङ तथा प्राविधिक महाशाखा प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । “मुख्य चुनौतीपूर्ण रहेको भूमिगत विद्युत्गृहको सुरुङ खन्ने काम सफलतापूर्वक सम्पन्न भएको छ”, भण्डारीले भन्नुभयो, “अब विद्युत्गृहभित्र पूर्वाधार निर्माणको काम सुरु हुन्छ ।” विद्युत्गृहको सुरुङ खन्ने काम सन् २०२० अगष्टबाट सुरु भएको थियो । “यहाँको ढुङ्गा कमजोर रहेकाले यो चुनौतीपूर्ण काम थियो, अब भूमिगत सुरुङभित्र पूर्वाधारको काम पनि छिट्टै सुरु गर्ने तयारी छ”, भण्डारीले भन्नुभयो । आयोजनाअन्तर्गत पानी ल्याउने सुरुङमा भने काम भइरहेको छ। एक हजार ४५० मिटर सुरुङ खन्नुपर्नेमा अहिलेसम्म ३५० मिटर खनिसकिएको छ। इन्टेकको काम भने गर्न बाँकी रहेको भण्डारीले जानकारी दिनुभयो । प्याकेज एकअन्तर्गत डाइभर्सन टनेलको काम भइरहेको छ । पहुँच सुरुङ १०० मिटर खनिसकिएको छ । आयोजनाको प्याकेज दुईअन्तर्गत सर्च ट्याङ जाने पहुँच सुरुङ खन्ने काम पनि सम्पन्न भइसकेको छ। सिनो हाइड्रो कम्पनीले ४३७.१ मिटर लामो सुरुङ खन्ने काम सम्पन्न गरेको थियो । त्यस्तै २८०.८५ मिटर लामो मुख्य पहुँच सुरुङ र बाँधस्थल जाने ३१४ मिटर लामो पहुँच सुरुङ पनि सम्पन्न भइसकेको छ । प्याकेज तीनअन्तर्गत प्रसारण लाइनमा हालसम्म ४८ ‘फाउण्डेशन’को कार्यसम्पन्न भएको छ। प्रसारण लाइन निर्माणका लागि २५ टावर जडान भइसकेको आयोजनाले जनाएको छ। चितवनतर्फको जग्गा अधिग्रहण गर्ने प्रक्रिया चलिरहेको छ । जग्गा अधिग्रहणका लागि समिति गठन गरी प्रतिवेदन तयार गर्ने काम भइरहेको बताइएको छ।

दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको डबल सर्किट प्रसारण लाइन निर्माण हुनेछ । प्रसारण लाइन निर्माणका लागि कूल ९४ टावर निर्माण गरिनेछ । प्रसारण लाइन निर्माणको काम भारतीय कम्पनी केइसीले पाएको छ। प्रसारण लाइन निर्माणका लागि कूल ५९ कित्ता (२३ रोपनी पाँच आना) जग्गा अधिग्रहण गरिनेछ। त्यसका लागि जग्गाको मुआब्जा पनि वितरण भइरहेको छ । प्रसारण लाइन निर्माणका क्रममा व्यास नगरपालिका-१३ र १४, बन्दीपुर गाउँपालिका-६, आँबुखैरेनी गाउँपालिका-६, देवघाट गाउँपालिका ४ र ५ भित्र पर्ने जग्गा अधिग्रहण गरिनेछ।

तनहुँ जलविद्युत् आयोजनाको मुख्य कार्यलाई तीन चरणमा विभाजन गरी निर्माण कार्य अगाडि बढाइएको छ । आयोजनाको पहिलो प्याकेजअन्तर्गत १४० मिटर अग्लो ड्याम निर्माणका लागि सोङ दा कर्पोरेसन, भियतनाम-कालिका कन्सट्रक्सन प्रालि नेपाल जेभीसँगको ठेक्का सम्झौता विसं २०७८ भदौ १४ बाट कार्यान्वयनमा आएको छ। सोङ दा-कालिका जेभीले अहिले मुख्य बाँध निर्माणका लागि नदी फर्काउने कार्य गरिरहेको छ।

आयोजनाको दोस्रो चरणअन्तर्गत सुरुङ, विद्युत्गृह निर्माण र हाइड्रोमेकालिन तथा इलेक्ट्रोमेकानिकलउपकरणआपूर्ति, जडान तथा सञ्चालनलगायतका कामको जिम्मेवारी सिनो हाइड्रोपावर लिमिटेडले पाएको छ । आयोजनाको तेस्रो चरणअन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको डबल सर्किट प्रसारण लाइन निर्माणको ठेक्का भारतीय कम्पनी केइसीले पाएको छ।

आयोजनाको समग्र निर्माण २०८३ असारभित्र सक्ने लक्ष्य राखिएको छ । कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलरको लागि एडीबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर बेहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ।

# हेमजामा बाढी पिडितलाई राहत वितरण

**पोखरापत्र संवाददाता**

**पोखरा, ३१ असार**



पोखरा महानगरपालिका वडा न. २५ हेमजामा रहेका बाढी पिडीतलाई शुक्रवार राहत वितरण गरिएको छ।

यहि असार १० गते रातिको बर्षाको कारण हेमजाको सुन्दर पुरी, छहरेटारी र म्याग्दीचोकमा डुवानको साथै पहिरो गएको थियो। रातिको करिव ९ बजेतिर डुवान सुरु भएको र करिब १ बजे पहिरो गएको वडा अध्यक्ष मोति तिम्सिनाले बताए । अबिरल बर्षाको कारण त्यस क्षेत्रका १२ घरमा आंशिक तथा पुर्ण क्षति भएको थियो । क्षतीमा परेका मानिसलाई क्षतीको किसिम हेरेर राहत स्वरूप नगद रु. २५ र १५ हजार गरी कुल रु. २ लाख वितरण गरियो । गण्डकी प्रदेश आन्तरिक तथा मामीला मन्त्री दोवाटे वि.क.को रोवरमा राहत वितरण गरिएको हो । राहत वितरण गर्दै मन्त्री वि.क ले राहत छिटो दिन सके पिडकलाइ मलमको काम गर्ने बताए । उनले पुनर्निर्माण गर्न भौतिक मन्त्रालयमा र पशु नोक्सानी भएका मानिसलाई कृषि मन्त्रालयमा सम्पर्क गर्न आग्रह गरे । गण्डकी प्रदेश आन्तरिक तथा मामीला मन्त्री दोवाटे वि.क. को रोबरमा भएको राहत वितरणमा वडाका जनप्रतिनिधि, वडा वासी लगायत पत्रकारको उपस्चिति रहेको थियो।

# वैदेशिक रोजगारीमा यसवर्ष जिल्लाका १७ को मृत्यु

**रासस**

**नवलपुर, ३१ असार**

वैदेशिक रोजगारका क्रममा विभिन्न मुलुकमा गएका नवलपरासी (बर्दघाट-सुस्ता)का १७ जनाले यसवर्ष ज्यान गुमाएका छन्।

वैदेशिक रोजगारमा श्रम स्वीकृति गराएर गएकामध्ये जिल्लाका १७ जनाको मृत्यु भएको जनाइएको छ। वैदेशिक रोजगारका क्रममा विभिन्न मुलुकमा मृत्यु हुनेमा जिल्लाको कावासोती नगरपालिकाका छ, मध्यविन्दु नगरपालिकाका पाँच, गैँडाकोट नगरपालिकाका चार तथा देवचुली नगरपालिका र विनयीत्रिवेणी गाउँपालिकाका एक/एक जना रहेका छन् । हिमालयन सामुदायिक विकास मञ्च (हिकोडेफ)का अनुसार वैदेशिक रोजगारमा मृत्यु भएकामध्ये १७ जनाको शव यस वर्ष जिल्लामा ल्याइएको भए पनि मृत्यु हुनेको सङ्ख्या अझै बढी हुनसक्छ । परिवारजनले स्वतःस्फुर्तरुपमा र अन्य माध्यमबाट जिल्लामा शव ल्याउनेको सङ्ख्या ठूलो हुन सक्ने हिकोडेफद्वारा सञ्चालित सुरक्षित आप्रवासन परियोजनाका परामर्शदाता रञ्जना लम्सालले बताउनुभयो। सुरक्षित आप्रवासन परियोजनाका जिल्ला संयोजक रीतुराम सोतीले यसवर्ष १२६ ठगीका मुद्दा दर्ता भएकोमा ५५ वटाको छिनोफानो गरिएको बताउनुभयो।

क्षतिपूर्तिका लागि दर्ता भएका १७४ मुद्दामध्ये १०० जनालाई रु चार करोड ४४ लाख ४३ हजार क्षतिपूर्ति उपलब्ध गराइएको सोतीको भनाइ छ । उद्धारको पर्खाइमा रहेका २५ मध्ये २१ जनालाई उद्धार गरिएको सोतीले जानकारी दिनुभयो। गतवर्ष मात्रै जिल्लाका छ हजार ८२ जनाले श्रम स्वीकृत लिएर वैदेशिक रोजगारमा गएका थिए। अहिले पनि जिल्ला प्रशासन कार्यालय नवलपुरमा दैनिक ८० जना पासपोर्ट बनाउन आउने गरेका छन् । भिजिट राहदानी बनाएर तथा भारतको बाटो हुँदै वैदेशिक रोजगारमा जाने जिल्लावासीको सङ्ख्या ठूलो हुन सक्ने उहाँको भनाइ छ।

# अनुदान नपाउँदा पहिरोपीडित समस्यामा

रासस
म्याग्दी, ३१ असार

निजी आवास पुनःनिर्माणवापत सम्झौताअनुसारको अनुदान वितरणमा ढिलाइ हुँदा म्याग्दीका पहिरोपीडित समस्यामा छन् ।

जिल्ला विपद् व्यवस्थापन समिति र पालिकाले अनुगमन नगर्दा घर पुनःनिर्माण गरिसकेका दुई वर्षअघिका मनसुनजन्य विपद्का पीडितले दोस्रो र तेस्रो किस्ता पाउन सकेका छैनन् । आवास पुनःनिर्माण गरे पनि राज्यका तर्फबाट सम्झौताअनुसारको रकम वितरणमा ढिलाइ भएको छ। घर बनाउँदा लागेको ऋणले तनाव बनाएको बेनी नगरपालिका-६ डम्मराकी पहिरोपीडित खिमकुमारी थापाले बताउनुभयो। "पहिलो किस्ता पाएपछि ऋण खोजेर घर बनायौँ", उहाँले भन्नुभयो, "दोस्रो र तेस्रो किस्ता अनुदान नपाउँदा ऋण तिर्न नसकेर तनाव भएको छ ।" विसं २०७७ को मनसुनजन्य विपद्बाट घर पूर्णरूपमा क्षति भएका म्याग्दीका २४७ मध्ये २०७ परिवारले पहिलो किस्तावापत स्थानीय तहले उपलब्ध गराउने रु ५० हजारका दरले अनुदान पाइसकेका छन् । सरकारले तोकेको मापदण्डअनुसार घर बनाउँदा रु ६ लाखदेखि रु १० लाख खर्च भएको धवलागिरि-७ की चन्द्रकली विकले बताउनुभयो ।

सरकारले हिमाली जिल्लामा मनसुनजन्य विपद्बाट प्रभावित निजी आवास पुनःनिर्माण गर्न प्रतिपरिवार रु पाँच लाख, मर्मत गरी पुनः प्रयोग गर्न रु ५० हजार र निजी आवास निर्माण गर्ने जग्गा नभएका व्यक्तिलाई घर बनाउन जग्गा खरिद गर्न थप रु तीन लाख अनुदान दिने कार्यविधि बनाएको छ।

कार्यविधिअनुसार विपद् प्रभावितलाई पुनर्वास गराउन स्थानीय तहले १० प्रतिशत, प्रदेश सरकारले ३० प्रतिशत र सङ्घीय सरकारले ६० प्रतिशत रकम जिल्ला विपद् व्यवस्थापन समितिको खातामा जम्मा गरेपछि लाभग्राहीलाई किस्ताबन्दीमा रकम भुक्तानी दिने व्यवस्था छ । पहिलो किस्ता लैजानेमध्ये पनि अधिकांशले घर बनाइसकेका छन् । जाँचपास गर्न प्राविधिक नआएपछि दोस्रो र तेस्रो किस्ता अनुदान उनीहरूले पाउन सकेका छैनन् । मङ्गला गाउँपालिकाका पहिलो किस्ता अनुदान लैजाने १८ परिवारमध्ये १४ र धवलागिरि गाउँपालिकाका ३९ मध्ये ३६ परिवारले दोस्रो किस्ता पाएका छन् । अन्य पालिका र लाभग्राहीले भने अझै दोस्रो किस्ता पाएका छैनन् ।

बेनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत धोलकराज ढकालले सीमित प्राविधिक योजनाको अनुगमन र मूल्याङ्कनमा व्यस्त भएकाले पहिरो प्रभावितको निजी आवास अनुगमनमा पठाउन ढिलाइ भएको बताउनुभयो । नगर र वडाका योजनाको काम सकिएकाले निजी आवासको अनुगमनमा प्राविधिकलाई परिचालन गरिएको उहाँले बताउनुभयो। विपद्बाट प्रभावित निजी आवास पुनःनिर्माण नियमन गर्ने छुट्टै प्राविधिक छैनन्। स्थानीय तहकै प्राविधिक परिचालन गरिँदै आएको छ । प्राविधिकले लाभग्राहीका घर निर्माणको नियमन गरी फोटो सफ्टवेयरमा अपलोड गरेपछि समितिको खातामा रकम जम्मा हुन्छ । जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्षसमेत रहनुभएका प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी रानाले विपद् प्रभावितको निजी आवास पुनःनिर्माणसम्बन्धी प्राविधिकलाई तालिम दिएर परिचालन गरिएकाले अब छिट्टै बाँकी अनुदान वितरण गरिने जानकारी दिनुभयो।

# बागलुङ नगरले जारी गऱ्यो श्वेतपत्र

पोखरापत्र संवाददाता
बागलुङ, ३१ असार

बागलुङ नगरपालिकाले नगरको समग्र स्थिति झल्काउने गरी श्वेतपत्र जारी गरेको छ।

नगरपालिकाद्वारा शनिबार आयोजितश्वेतपत्रसार्वजनिकीकरण समारोहमा नगरप्रमुख वसन्तकुमार श्रेष्ठले नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक, प्रशासनिकलगायत क्षेत्रको यथार्थ अवस्थाको जानकारीका लागि श्वेतपत्र सार्वजनिक गरिएको बताउनुभयो । समृद्ध नगरको लक्ष्य हासिलका लागि वार्षिक, मध्यकालीन र दीर्घकालीन योजना तय गर्न श्वेतपत्रले आधार तयार गर्ने उहाँको भनाइ छ । नगरको यथार्थ स्थितिबारे नगरवासीलाई सुसूचित गर्नका साथै संस्थागत सुशासन कायम गर्न श्वेतपत्रले सघाउने विश्वास लिइएको छ । श्वेतपत्रको सुरुमै नगरपालिकाको आफ्नै प्रशासनिक भवन नहुँदा सेवा प्रवाहमा असहजता निम्तिएको उल्लेख छ । नगरपालिका कार्यालय अहिले तत्कालीन कृषि विकास कार्यालय, जिल्ला विकास समितिको कार्यालय, महिला तथा बालबालिका कार्यालयको भवनबाट संचालित छ। वडा नं ३ मा रहेको नगरपालिकाको आफ्नै भवनलाई भने अपायक परेका नाममा प्रयोगविहीन अवस्थामा छाडिएको छ। १४ वडामध्ये ११ वटा वडाको आफ्नै भवन रहेको र बाँकी भाडाको घरबाट चलेको श्वेतपत्रमा उल्लेख छ।



नगर विकास कोषको ऋण सहयोगमा वडा नं ४ मा निर्माण गरिएको बसपार्क फरफराक भई हस्तान्तरण हुन नसक्दा सञ्चालनमा आउन नसेकेको नगरप्रमुख श्रेष्ठले सुनाउनुभयो । उहाँका अनुसार बसपार्क बनाउँदा ल्याएको ऋणको साँवा र ब्याजमार्फत वार्षिक रु एक २७ लाख भुक्तानी गर्नुपर्ने दायित्व नगरपालिकालाई छ। नगरपालिका क्षेत्रभित्र पक्की सडक ४० किमि, ग्रावेल सडक १२ किमि र कच्ची सडक २०० किमि गरी करिब २५२ किमि सडक निर्माण गरिएको श्वेतपत्रमा उल्लेख छ । पूर्वाधारतर्फ खानेपानी, सिँचाइ, पुल, ढल निकासजस्ता योजनाको प्रगति र समस्यालाई पनि श्वेतपत्रमार्फत उजागर गरिएको छ । विषयगत क्षेत्रका विवरण, मानव संशाधन, चालु आवको बजेट र कार्यक्रम कार्यान्वयनको स्थितिलाई पनि श्वेतपत्रमा समावेश गरिएको छ । चालु आवमा अनुमानित आन्तरिक राजश्व रु छ करोड ६८ लाख ११ हजार रहेकामा गत जेठ मसान्तसम्ममा रु चार करोड ५५ लाख १० हजार सङ्कलन भएको जनाइएको छ । नगरपालिकाले आर्थिक वर्ष २०७७/७८ मा स्थानीय तह संस्थागत स्वमूल्याङ्कनमा ३८.२५ र वित्तीय जोखिम मुल्याङ्कनमा ५६ अङ्क प्राप्त गरेको उल्लेख छ।

साेही समारोहमा नगरपालिकाको ११ औँ नगरसभाबाट पारित आव २०७९/८० को नीति, कार्यक्रम, योजना र बजेट किताबसमेत सार्वजनिक गरिएको थियो । विगतमा छ महिनापछि मात्र बजेटको किताब ल्याउने गरिएकामा यसपालि आर्थिक वर्ष सुरु नहुँदै सार्वजनिक गरिएको नगरपालिकाले जनाएको छ।

# उदीपुर-मार्कीचोक-भरतपुर २२० केभी प्रसारण लाइन निर्माण सुस्त गतिमा

रासस
लमजुङ, ३१ असार

यहाँ मर्स्याङ्दी कोरिडोरअन्तर्गतको निर्माणाधीन २२० केभी उदीपुर-मार्कीचोक-भरतपुर डबल सर्किट प्रसारण लाइन आयोजनाको निर्माण सुस्त गतिमा अघि बढेको छ।

निर्माण सम्पन्न गर्नुपर्ने गत जुन महिनासम्म भए पनि यस आयोजनाको निर्माण अझै ४० प्रतिशत बाँकी छ। आयोजनाका उदीपुर-भरतपुरका डिभिजन प्रमुख नारायण रेग्मीले भन्नुभयो, "विविध कारणले गर्दा निर्धारित समयमा काम सम्पन्न भएन", कामसमेत ढिलासुस्ती भइरहेको छ । हालसम्म ६० प्रतिशतको हाराहारीमा मात्र निर्माण सम्पन्न भएको उहाँको भनाइ थियो । छयत्तर किलोमिटर दूरी रहेको लमजुङको उदीपुरदेखि चितवनको भरतपुरसम्म प्रसारण लाइन पुऱ्याउन १९३ वटा टावर आवश्यक पर्ने आयोजनाले जनाएको छ । यीमध्ये हालसम्म १८ वटा टावर निर्माण भइसकेको छ भने, ५५ वटा टावरको जग तयार गर्ने काम भइरहेको आयोजना प्रमुख रेग्मीले बताउनुभयो । उक्त टावरमध्ये लमजुङतर्फ ४५ र तनहुँतर्फ १० वटा टावर उठाउने काम भइरहेको छ । अठार वटा खडा भएको टावरमध्ये १७ वटा उदीपुरदेखि मध्यमर्स्याङ्दी र एकवटा लमजुङकै फूलबारीमा निर्माण भइसकेको छ। "दोर्दी कोरिडोरका आयोजनाको विद्युत मध्यमर्स्याङ्दी जलविद्युत केन्द्रको स्वीचयार्डसम्म पुऱ्याउन छ किलोमिटरसम्म यही प्रसारण लाइनको काम अघि बढिरहेको छ । उदीपुरदेखि मध्यमर्स्याङ्दी खण्डको छ किलोमिटर खण्डमा १७ वटा टावर उठाउने काम गरेर तार तान्ने कार्य भइरहेको छ । उहाँले भन्नुभयो, "यहाँ विभिन्न आयोजना रहेकाले, आयोजनामा उत्पादित बिजुली जोड्न सहज हुने भएकाले पहिलो प्राथमिकता यस खण्डमा दिएरअघि बढिरहेको र अब एक हप्ताभित्रमा तार तान्ने काम सम्पन्न हुनेछ ।" छ किलोमिटर खण्डको निर्माण अघिल्लो जेठभित्रै सम्पन्न गर्ने लक्ष्य रहे पनि कोभिड-१९ महामारीको रोकथामका लागि लगाइएका निषेधाज्ञालगायत विविध कारण निर्माण अवधि लम्बिएको बताइएको छ। त्यस्तै लमजुङ उदीपुर र भरतपुरमा गरी दुईवटा सवस्टेशन पनि निर्माण भइरहेको उक्त आयोजनाले जनाएको छ। सन् २०१८ जनवरी १७ गतेदेखि अघि बढेको उक्त आयोजना तीन वर्षभित्रमा सबै काम सम्पन्न गर्नुपर्ने भएपनि विविध कारणले सम्पन्न हुन नसकेको डिभिजन प्रमुख रेग्मीको भनाइ थियो । उहाँका अनुसार सम्झौताअनुसार समयमै सम्पन्न नभइसकेपछि थप गरिएको समयअवधि सकिएकाले अब कति समय थप गर्ने भन्नेबारे छलफल भइरहेको छ । चिन्जा गुप्र चाइना कम्पनीले निर्माण गर्दै आएको उक्त आयोजना सम्पन्न गर्नका लागि करिब रु तीन अर्ब अनुमान गरिएको छ।

# लोकप्रिय बन्दै अरिङ्गालका परिकार

पोखरापत्र संवाददाता
पोखरा, ३१ असार

अरिङ्गालको परिकार चाख्नुभएको छ ? यदि छैन भने म्याग्दी आउनुहोस् । यहाँ तपाईं अरिङ्गालको परिकार खान पाउनुहुन्छ । सदरमुकाम बेनीस्थित एउटा रेष्टुरेन्टले अरिङ्गालको परिकार बनाउने गरेको छ।

परिकार खान चार दिनअघि नै अर्डर गर्नुपर्छ। एक प्लेट फ्राइ अरिङ्गालको लार्भालाई रु ५०० तिर्नुपर्छ । जङ्गल तथा ग्रामीण भेगमा सर्वसाधारण अरिङ्गालको गोला खोज्न जुट्छन् । मुख्यतथा असारदेखि असोजसम्म यस्तो क्रम बढी चल्छ । अरिङ्गालको गोला काटेर त्यसबाट लार्भा (किरा) निकालिन्छ । बेनीको वीरेन्द्रचोकस्थित होटल रोजिनाकी सञ्चालिका सिर्जना भट्टचनले अरिङ्गालको परिकार बनाएर बिक्री गर्दै आउनुभएको छ। सिर्जनालाई ग्राहकले 'अरिङ्गालवाली'को नामले चिन्ने गरेका छन् । यसरी व्यापार गर्न थालेको पाँच वर्ष भएको भट्टचन बताउनुहुन्छ।

"ग्राहकको रोजाइमा अरिङ्गालको परिकार बढी पर्छ", उहाँले भन्नुभयो । भट्टचनको अरिङ्गाल व्यापार बेनीमा मात्रै सीमित छैन। काठमाडौँ, पोखरालगायत ठाउँबाट समेत माग आउन थालेको छ । "परिकार बनाई प्याकिङ गरेर पठाउने गरेकी छु", उहाँले भन्नुभयो । फ्राइ अरिङ्गाल प्रतिप्लेटको रु ५०० पर्छ । यही परिकारबाट हरके याममा रु चार लाखदेखि रु ६ लाखसम्म कमाइ हुने गरेको उहाँ बताउनुहुन्छ।

अरिङ्गालको लार्भा एक माना रु एक हजार ६०० देखि रु दुई हजारसम्ममा उहाँले खरिद गर्नुहुन्छ । यसरी खरिद गरेको अरिङ्गाल भुटेर भट्टचनले बिक्री गर्नुहुन्छ । "हाल दैनिक १० देखि १५ प्लेटसम्म बिक्री गर्न सकिएको छ, साउनदेखि असोज अन्तिमसम्म दैनिक ५० प्लेटसम्म बिक्री हुन्छ", उहाँले भन्नुभयो । भिरमह शिकारलाई जस्तै अरिङ्गाल शिकारलाई पनि सरकारले अनुमतिपत्रको व्यवस्था गर्नुपर्ने माग बढेको छ। सामुदायिक वन तथा व्यक्तिगत जग्गामा रहेका रुखबाट अरिङ्गालको शिकार गर्न पाइने वा नपाइने भन्नेबारे वन डिभिजन कार्यालयसित कुनै जवाफ भने छैन।

# एक वर्षमा करिब २० किमी सडक कालोपत्रे

पोखरापत्र संवाददाता
म्याग्दी, ३१ असार

म्याग्दीमा एक वर्षको अवधिमा करिब २० किलोमिटर सडक कालोपत्रे गरिएको छ। धौलागिरि गाउँपालिका-१ गुर्जाबाहेक जिल्लाका ४४ वडामा कच्ची सडकको पहुँच पुगे पनि स्तरीय सडक बन्न नसकेको जनगुनासो बढिरहेको अवस्थामा यस वर्ष जिल्लाका विभिन्न सडक आयोजनामा सडक कालोपत्रे भएको हो।

चालु आर्थिक वर्ष २०७८/०७९ मा राष्ट्रिय गौरवको आयोजना बेनी-जोमसोम- कोरला सडक आयोजनाअन्तर्गत म्याग्दी खण्ड, पूर्वाधार विकास कार्यालय म्याग्दी, बेनी नगरपालिका र सघन सहरी विकास डिभिजन कार्यालय बागलुङले गरेर जिल्लाभित्रका विभिन्न स्थानमा १९ किमी ६७० मिटर सडक कालोपत्रे गरिएको हो। बेनी-जोमसोम कोरला सडक आयोजनाले गलेश्वरदेखि रघुगङ्गा गाउँपालिका-१ बेगखोलासम्म विभिन्न स्थानमा गरेर यस वर्ष पाँच किलोमिटर सडक कालोपत्रे गरेको आयोजनाका प्रमुख जगत प्रजापतिले जानकारी दिनुभयो । उहाँका अनुसार, म्याग्दी खण्डमा पर्ने पक्करे पहाड बाँदरजुङ भिरमा समेत सडक फराकिलो बनाउने कामले गति लिएको छ । यसैगरी पूर्वाधार विकास कार्यालय म्याग्दीले जिल्लाभित्र सञ्चालित आयोजनामार्फत १३ किमी ८७० मिटर सडक कालोपत्रे गरेको जनाएको छ। बेनी-बागलुङ सडकअन्तर्गत बेनी नगरपालिका-२ खबरादेखि हाँडेभिरस्थित बेलीब्रिज पुलको मुखसम्म एक किलोमिटर २०० मिटर सडक कालोपत्र गरिएको छ। यो सडक कालोपत्र गर्न बिरुवा-सिमरन जेभीले विसं २०७७ साउनमा करसहित पाँच करोड रु ४३ लाखमा ठेक्का सम्झौता गरेको थियो। कोरोना महामारी र निर्माण सामग्रीमा भएको अभाव र मूल्यवृद्धिलगायतका कारण ढिलासुस्ती भएको आयोजनाको पछिल्लो पटक थप भएको समयसीमाभित्र निर्माण व्यवसायीले सडक कालोपत्र गर्ने योजना सम्पन्न गरेको पूर्वाधार विकास कार्यालय म्याग्दीका प्रमुख गुरुदत्त अधिकारीले बताउनुभयो । उहाँका अनुसार, यो खण्डमा सात मिटरका दरले डिबिएसडी प्रविधिको कालोपत्र गरिएको उहाँले बताउनुभयो।

पूर्वाधार विकास कार्यालयले जिल्लाको रणनीतिक महत्वको बेनी-दरबाङ सडकअन्तर्गत पहिलो चरणमा बेनीदेखि मङ्गला गाउँपालिका-२ सिमचोकसम्म १२ किलोमिटर पाँचसय ८५ मिटर दूरीको सडक कालोपत्रे गरेको छ । लामा समानान्तर निर्माण कम्पनीसँग रु ४७ करोड ८७ लाख ९३ हजारमा ठेक्का सम्झौता भएको यो सडकखण्डमा पनि निर्माण कम्पनीलाई पटक पटक म्याद थप गराएर सडक कालोपत्रे गराइएको हो । यो सडकखण्डमा ११ मिटर फराकिलो सडकमा सात मिटर चौडाइका दरले डिबिएसटी प्रविधिको कालोपत्रे गर्ने कार्य सम्पन्न भएको पूर्वाधार विकास कार्यालयका प्रमुख अधिकारीले जानकारी दिनुभयो। त्यसैगरी जिल्लामा सघन सहकारी विकास डिभिजन कार्यालय बागलुङमार्फत एक किलोमिटर ८०० मिटर सडक कालोपत्र गरिएको छ। सघन सहरी विकास डिभिजन कार्यालयमार्फत ठेक्का लगाएर बेनी नगरपालिका-७ मङ्गलाघाटदेखि बेनी -२ बगरफाँटको कोटखोलासम्म एक किलोमिटर ८०० मिटर सडक कालोपत्रे भएको छ । देव एण्ड सायर बिएन त्रिशक्ति जेभीले उक्त सडक कालोपत्रे गरेको हो।

यसैगरी बेनी नगरपालिकाले बेनी बजार क्षेत्रमा कालोपत्र गरिएको ६०० मिटर सडकलाई मर्मतसम्भार गर्नुका साथै एक किलोमिटर २०० मिटर सडक ढलान गरेको बेनी नगरका इन्जिनियर विमलरञ्जन कार्कीले जानकारी दिनुभयो।

# हल्कादेखि मध्यम वर्षा

रासस
काठमाडौँ, ३१ असार

आगामी साता देशभर आंशिकदेखि सामान्य बदली रही अधिकांश भूभागमा हल्कादेखि मध्यम वर्षा हुने भएको छ।

जल तथा मौसम विज्ञान विभागले साप्ताहिक मौसम पूर्वानुमान निकालेर आगामी साताभरि नै देशका हिमाली भूभागमा सामान्यदेखि पूर्ण बदली रही बाँकी भूभागमा आंशिकदेखि सामान्य बदली भई अधिकांश भूभागमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जनाएको छ । विभागका अनुसार साताको सुरू र मध्यमा देशको हिमाली तथा पहाडी भूभागका केही र तराईका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना तथा साताको अन्त्यमा देशका पहाडी भूभागका धेरै तथा हिमाली र तराईका केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। साथै साताको अन्त्यमा प्रदेश नं १, मधेस, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका पहाडी भूभागका थोरै तथा तराई भूभागका एक/दुई स्थानमा मेघगर्जन र चट्याङसहित भारी वर्षाको सम्भावना रहेको विभागले जनाएको छ। त्यस्तै हिमाली भूभागमा अधिकतम तापक्रम र न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तन नहुने सम्भावना रहेको र पहाडी तथा तराईका भूभागमा न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तन नहुने तर अधिकतम तापक्रम भने हल्का घट्ने सम्भावना रहेको बताइएको छ।

# पर्यटकमैत्री भान्छा बनाउन भान्छेलाई तालिम

पोखरापत्र संवाददाता
बागलुङ, ३१ असार

पोखरामा आउने आन्तरिक तथा बाह्य पर्यटकमध्ये केही मुस्ताङ पुग्न बागलुङको बाटो भएर आउँछन् भने केही बागलुङकै पर्यटकीय क्षेत्र घुम्नका लागि पनि आउने गरेका छन् । छोटो समय भएपनि उनीहरूको बिसौनी बन्छ, बागलुङका होटल तथा रेष्टुराँ ।

यहाँका होटल तथा रेष्टुराँले लामो समयदेखि ग्राहकको सेवा त गरिरहे पनि नयाँ स्वाद र आतिथ्यता दिन नसेकेको महसुस हुँदै आएको थियो । बागलुङमा आउने पर्यटकका लागि नयाँ स्वाद दिन र होटल व्यवसायलाई दिगोरूपमा पर्यटनसँग जोड्न यहाँ क्रियाशील होटल व्यवसायी पछिल्लो समय जुर्मुराएका छन् । होटल एसोसिएसन नेपाल (हान) बागलुङ शाखाले पाहुनाका लागि नयाँ स्वाद पस्किने भन्दै भान्छामा काम गर्नेका लागि सातदिने 'एड्भान्स कुक तालिम' दिलाएको छ। हान गण्डकी प्रदेशको समन्वय र हान नेपालको आयोजनामा तालिम सञ्चालन गरेर बागलुङ र म्याग्दीका ३० भन्दा धेरै भान्छेलाई तालिम दिइएको हो । एक साता लामो तालिम लिएका भान्छेले अब यहाँका होटलमा पाइने खानाको स्वादमा फरकपन उपभोक्ताले महसुस गर्ने बताए। तालिम समापनका अवसरमा प्रशिक्षार्थी मिरा जिसीले भान्छामा गर्दै आएका क्रियाकलापमा थोरै सुधार गर्दा ग्राहकको चाहनाअनुसारको खाना तयार गर्न सकिने भए पनि ज्ञानको अभावमा आफूहरूले त्यसो नगर्ने गरेको बताउनुभयो।

उहाँले तालिमपश्चात् अब सुधार गर्न सकिने जानकारी दिनुभयो । हानका प्रदेश अध्यक्ष हरि शर्मा गैरेले होटल व्यवसायलाई दिगो र जीविकोपार्जनमुखी बनाउन आवश्यक सबै प्राविधिक सहयोग गर्न हान तयार रहेको बताउनुभयो। बागलुङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नरेश कँडेलले भान्छालाई उद्योगका रूपमा विकास गरेर त्यहाँबाट तयार गरिने बस्तुलाई बजारीकरण गर्नसके होटल व्यवसाय दिगो हुनेमा जोड दिनुभयो । सेफ्स एसोसिएसन नेपालका प्रमुख प्रशिक्षक श्याम लामा र प्रशिक्षक शितल खनालले भान्छेहरूलाई तालिम दिनुभएको थियो।